# सर्वोच्च अदालतको प्रेस विज्ञप्ती

सर्वोच्च अदालतका पूर्व प्रधान न्यायाधीश ओमभक्त श्रेष्ठको मिति २०७६।१२।०५ गते बुधबार भएको असामयिक निधनबाट हामी अत्यन्त मर्माहित भएका छौं। पूर्व प्रधान न्यायाधीश श्रेष्ठको असामयिक निधनबाट न्याय र कानूनको क्षेत्रमा अपूरणीय क्षति भएको छ। सर्वोच्च अदालतको न्यायाधीश एवं प्रधान न्यायाधीशको रुपमा कार्यरत उहाँले नेपालको न्यायपालिकाको श्रीबृद्धिका लागि अतुलनीय योगदान पुऱ्याउनु भएको थियो। उहाँले न्याय र कानूनको क्षेत्रमा पुऱ्याउनु भएको योगदानको उच्च सम्मान गर्दछौं। उहाँको योगदान सदैव स्मरणीय रहिरहने छ। विशेष गरी देवानी कानूनका क्षेत्रमा विशेष दख्खल राख्ने एक निर्भिक, अत्यन्त मिलनसार, सहृदयी, मृदुभाषी, न्यायका मर्मज्ञ, कानूनका ज्ञाता एवम् अनुभवी न्यायिक व्यक्तित्वका रुपमा रहनु भएका स्वर्गीय श्रेष्ठ न्याय र कानूनका क्षेत्रमा स्थापित व्यक्तित्व हुनुहुन्थ्यो। उहाँको योगदान भावी पुस्ताका लागि सदैव प्रेरणादायी र मार्गदर्शक रहिरहने छ।

धनकुटा जिल्लामा मिति १९८९ साल चैत्र ३० गते जन्मनु भएका पूर्व प्रधान न्यायाधीश श्रेष्ठले मिति २०१६ साल पुष १६ गतेदेखि सरकारी सेवा प्रारम्भ गर्नुभएको थियो। उहाँ न्याय सेवामा शाखा अधिकृत, उप सचिव, अञ्चल न्यायाधीश र मुख्य न्यायाधीश हुँदै २०४८ साल भदौ २४ गते सर्वोच्च अदालतको न्यायाधीश पदमा नियुक्त भई मिति २०५४।०६।०१ गते प्रधान न्यायाधीश पदमा नियुक्त हुनुभएको थियो। उहाँ उमेर हदका कारण मिति २०५४।१२।२९ बाट सेवा निवृत्त हुनुभएको थियो।

सर्वोच्च अदालतका पूर्व प्रधान न्यायाधीश ओमभक्त श्रेष्ठको दुःखद् निधन भएको शोकको यस घडीमा दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै शोक सन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछौं।

पूर्व प्रधान न्यायाधीश ओमभक्त श्रेष्ठको असामयिक निधनमा शोक मनाउन यही मिति २०७६ चैत्र ०६ गते विहिबार एक दिन सर्वोच्च अदालत तथा नेपालभरका जिल्ला अदालत, उच्च अदालत, अन्य अदालत एवम् न्यायाधिकरणहरू शोक विदाको रूपमा बन्द रहने भनी सर्वोच्च अदालतको आज मिति २०७६।१२।०५ मा बसेको आकस्मिक पूर्ण बैठकले निर्णय गरेको बेहोरा समेत जानकारी गराईन्छ।

२०७६।१२।०५

नृपध्वज निरौला
मुख्य रजिस्ट्रार
सर्वोच्च अदालत